श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### २०२४ सालको ऐन नं. २८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### वन संरक्षण र सुव्यवस्था गर्नेको निमित्त बनेको ऐन

प्रस्तावनाः– वन जङ्गल र जङ्गली जीवजन्तुको विशेष संरक्षण र सुव्यवस्था गरी शान्ति र व्यवस्था एवं सर्व साधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, प्रारम्भ र अवधिः–(१) यस ऐनको नाम "वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन सम्वत् २०३३ साल चैत्र मसान्तसम्म कायम रहनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाश गरी तोकेको मिति देखि तोकेको जिल्ला वा क्षेत्रमा लागू हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को नलागेमा यस ऐनमाः–

(क) "वन" भन्नाले वन ऐन, २०१८ अन्तर्गतको वन वाटिका र पञ्चायती वन बाहेक नेपाल अधिराज्य भित्रको सबै वन र त्यस भित्रको पर्तिजग्गा र त्यस भित्र पर्ने खोला, पोखरी बाटो इत्यादि समेतलाई जनाउंछ ।

(ख) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएकोः–

(१) काठ, गोल, खैरकन, खोटो, काठको बोक्रा, लाहा, पिपला पिपली, वा

(२) रूख, पात, फलफूल, मौवा, चिराइतो कुटकी, मह र सबै प्रकारका जंगली जडिबुटी वनस्पति तथा ती सबको विभिन्न भाग वा अंग, वा

(३) खानी चट्टान माटो र खानीका सबै किसिमका पदार्थहरू वा,

(ग) "खोला" भन्नाले प्राकृतिक तथा कृत्रिम नदी, नाला र कुलो समेतलाई जनाउँछ ।

(घ) "काठ" भन्नाले काटेको, ढलेको वा केहीमाल तयार गरेको रूख समेतलाई जनाउँछ ।

(ङ) "रूख" भन्नाले बांस, पोथा, बेत, र जमिनमा गडेको ठूटो समेतलाई जनाउँछ ।

(च) "बोझ वाहक" भन्नाले गांडा र गाडा तान्ने गोरू, रांगा ट्रक वा लहरी, नाउ वा डुंगा आदि अन्य साधनहरूलाई जनाउँछ ।

(छ) "हटाउनु" भन्नाले वन सिमाना बाहिर ल्याउनु वा ल्याउने प्रयास गर्न वा विदेश निकाशी गर्नु समेतलाई जनाउंछ ।

(ज) "डि. एफ.ओ." भन्नाले कुनै डिभिजन वा जिल्ला वन कार्यालयको प्रशासन, सञ्चालन र रेखदेख गर्न रहेको मुख्य अधिकृत वा निजको काम गर्ने गरी श्री ५ को सरकारले तोकि दिएको रेञ्जर वा नेपाल राजपत्रमा प्रकाशित आदेशद्वारा तोकि दिएको अरू अधिकृत समेतलाई जनाउँछ ।

३. वन जंगल र वन पैदावार आदि नोक्सानी गर्न र हटाउन मनाहीः– कसैले श्री ५ को सरकारको वा डि. एफ. ओ. वा श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित आदेशद्वारा तोकिएको अधिकारीका पूर्वलिखित अनुमति बेगर देहायको काम गर्न र सो गर्ने उद्योग समेत गर्न हुंदैनः–

(क) रु. ५० भन्दा बढी मोलको वन पैदावार हटाउनु ।

(ख) वन भित्रको जग्गामा वन पैदावार हटाई वा नहटाई कुनै तवरले जग्गा आवाद गर्नु वा घर छाप्रो बनाउनु वा बनाउन लगाउनु,

(ग) वनको रुख, विरूवा काटनु, ढाल्नु, छेक्नु, रूखसुक्ने गरी बोक्रा झिक्नु, हांगा काट्नु, रूख सुक्ने गराउनु वा वनमा आगो लगाउनु,

(घ) कुनै किसिमबाट वन, वन पैदावार, जीवजन्तु र वन भित्रको जग्गाको क्षति पुऱ्याउने प्रयास गर्नु ।

636

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कसूरदार उम्काउन मनाहीः– कसैले दफा ३ अन्तर्गतको अपराध गरे वापत पक्राउ भएको अभियुक्त, वन पैदावार र बोझ वाहकलाई कुनै तवरले उम्काउन वा उम्काउने उद्योग गर्न हुँदैन ।

५. सामूहिक उत्तरदायित्वः–(१) दफा ३ अन्तर्गत कसूर हुन नदिनु र भएमा कसूरदारलाई पक्राउ गर्नु गराउनु स्थानीय जनता, पञ्चायत तथा सरकारी कर्मचारी समेतको कर्तव्य हुनेछ ।

(२) वन पैदावार हटाउन र नोक्सानी गर्न प्रयोग भएका सबै बोझ बाहक साधन समेत पक्री कुनै व्यक्तिले माल र अभियुक्त बन प्रशासन सम्बन्धित अधिकारी वा कार्यालयमा वा श्री ५ को सरकारले आदेशद्वारा तोकेको अड्डा वा अधिकारी समक्ष बुझाउन मद्दत मागेमा सो व्यक्तिलाई मद्दत दिनु सबैको कर्तव्य हुनेछ ।

(३) उप-दफा (२) अन्तर्गत बुझाउन ल्याएको माल र अभियुक्त नजिकको रेञ्जर डि. एफ. ओ. वा कन्जरभेटरले तुरुन्त बुझि कानूनी कारवाई गर्नु पर्छ ।

६. पुरस्कार दिनेः– यस ऐन अन्तर्गतको कसूरको जांच बुझमा बरामद भएको साधन बोझ बाहक, र वन पैदावार दफा ३ अन्तर्गतको अनुमति नलिई ल्याएको प्रमाणीत भएमा जफत भई रीतपूर्वक लिलाम बिक्री गरिआएको रकम मध्येबाट २० प्रतिशत सुराक दिई पक्राउ गराउने सरकारी कर्मचारीलाई र ३० प्रतिशत गैर–सरकारी व्यक्ति वा संस्थालाई पुरस्कार दिई बाकी रकम संचित कोषमा दाखिल गरिनेछ ।

७. विशेष अधिकारः– कसुरदार पक्रन आफ्नो कर्तव्य पालन गर्दा जिउ ज्यान नै जोखिम हुने अवस्था परि आए सम्वन्धित अधिकारीले गोली चलाउन पनि सक्नेछ ।

८. बिगो कायम गर्नेः– बन पैदावार र जङ्गली जीव जन्तुको बिगो नियममा तोकिए बमोजिम कायम गरिने छ ।

९. दण्ड सजाय :– (१) यो ऐन अन्तर्गत कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः–

(क) दफा ३ को (क) अन्तर्गतको कसूर गर्ने व्यक्तिलाई रू. ५,०००।– भन्दा बढी विगो भएमा विगो र विगो बमोजिम दण्ड र रू. २,०००। जरीवाना र वर्ष १ कैदै हुनेछ । रू. १,०००।– देखि ५,०००।–सम्मको विगो भएमा विगो र विगो बमोजिम दण्ड र रू. ५००।– सम्म जरिवाना वा एक वर्षसम्म कैदै वा दुबै हुनेछ र रू. १,०००।– देखि कम विगो भएकोमा विगो र विगो बमोजिम दण्ड र रू. २००।– जरिवाना वा २ महिना कैदै वा दुबै हुनेछ ।

(ख) दफा ३ को (क) अन्तर्गतको कसूर गर्ने व्यक्तिलाई वन पैदावार हटाई कुनै तवरले आवाद गर्नु वा घर छाप्रो वनाउनु वा वनाउन लगाएमा दफा ९ को (क) बमोजिम सजाय हुनेछ । बन पैदावार नहटाई जग्गामात्र आवाद गरी घर छाप्रो वनाएमा वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाउन लगाएमा रू. ५००।– सम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै हुनेछ । जग्गामात्र आबाद गरी वा गराउन लगाई वन पैदावार नहटाई घर छाप्रो नबनाएको भए रू. २००।–सम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै हुनेछ । यसमा प्रोत्साहन गर्ने व्यक्ति वा अन्य कर्मचारीलाई रू. १,०००।– जरिवाना र २ वर्ष कैद हुनेछ ।

(ग) दफा ३ को (ग) अन्तर्गतको कसूर गर्ने हकमा वनमा आगो लगाउनेलाई बिगो भएमा बिगो बमोजिम जरिवाना र २ वर्षसम्म कैद हुनेछ । बिगो नभै सिर्फ आगो लगाउने प्रयास गरेकोमा रू. २००।– सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै हुनेछ । वनको रूख काट्नु ढाल्नु, छेक्नु कुनै किसिमको रूख सुक्ने गराउन वन नोक्सान गरेमा बिगो बमोजिम दण्ड गरी रू. ५००।– सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै हुनेछ । साना बिरूवाहरू वन मास्ने उद्देश्य लिएर काटने कटाउनेलाई बिगो बमोजिम दण्ड र रू. १०। देखि रू. २००।– सम्म जरिवाना हुनेछ वा १ महीना सम्म कैद वा दुबै हुनेछ ।

(घ) दफा ३ को (ङ) अन्तर्गतको कसूर गर्ने गराउने व्यक्तिले कुनै किसिमबाट वन पैदावार र वन भित्रको जग्गामा क्षति पुऱ्याउने प्रयास गरेमा रू. १०।– देखि रू. ५००।– सम्म जरिवाना हुनेछ ।

(२) दफा ४ अन्तर्गतको उस्काउने उद्योग गर्नेलाई ६ महीनासम्म र उस्काउने-लाई एक वर्षसम्म कैद हुनेछ ।

(३) दफा ५ अन्तर्गतको कर्तव्य पालन नगरी प्रोत्साहन र मिलेमतो गर्ने सर-कारी कर्मचारीको हकमा सेवाबाट मुक्तगरी २ वर्षसम्म कैद हुनेछ ।

१०. <u>मुद्दा हेर्ने व्यवस्था:–</u> यस ऐन अन्तर्गतका मुद्दा जिल्ला अदालतले विशेष अदालत ऐन, २०१३ को अधिकार प्रयोग गरी किनारा गर्नेछ र त्यस्को पुनरावेदन अञ्चल अदालतमा लाग्नेछ ।

११. <u>नियम बनाउने अधिकार :–</u> यस ऐनको उद्देश्य पूर्तिका लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१२. <u>अन्य कानूनसंग बाझिएमा गर्ने काम :–</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२४।७।६।२

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।

६३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।